# Important Notice Regarding Timely Renewal of Passports

1. The Consulate General has been receiving calls and messages from a number of Nepali nationals residing in the UAE who are worried about having to pay fines due to delay in renewal of visa for the reason of expiration or near-expiry of their passports. They have been requesting us to expedite delivery of their renewed passports for which they submitted applications in September and October, 2025. Due to the heavy printing load currently at the Department of Passports in Kathmandu, passports for the enrollment at this Consulate General only up to September 09 have been printed and received at the Consulate General this week, and are now being distributed. This means that, even under the current difficult situation at the Department of Passports, except for a few applications requiring correction of technical errors, the applicants have received their new passports within the two months of their application. Considering the urgency of the applicants who need passports for visa renewal, essential travel, and other necessary purposes — including newborns, those who have lost their passports, and those with damaged passports — the Consulate General is making every effort to obtain the next batch of printed passports as soon as possible.
2. In general, for visa processing, most countries require that a passport be valid for at least six months. Therefore, all Nepali nationals residing in Dubai and other northern Emirates of the UAE are advised to check the validity of their passports. If the validity period is less than six months, they are requested to apply for renewal in a timely manner. Submitting a renewal application in time helps minimize the risk of visa fines and other potential difficulties, even if printing and delivery take sometimes longer time due to technical or situational reasons.
3. The Consulate General sincerely requests all Nepali community organizations and media-persons to help disseminate this important message — especially among the large number of Nepalis residing here for employment — regarding the importance of renewing passports in time. After all, it is our shared goal that no Nepali should face hardships due to delay in passport renewal. You are all informed that booking online appointment in this Consulate General for passport enrollment has been made easy.
4. The Consulate has also received complaints that some typing centers, even when a client's passport is nearing expiry, have been keeping the passport on hold for several days after being requested for the service of filling out the pre-enrollment form for passport renewal. Holding clients' passports in this manner is inappropriate and illegal; and all concerned are informed not to engage in such practices.
5. Complaints have also been received stating that some employers/sponsors keep in their possession the passports of their employees and either neglect the renewal of those passports or fail to make the passports available to the employees in time for renewal. It is hereby reminded that assisting and facilitating the timely renewal of passports of the employees is the duty and responsibility of the concerned employer/sponsor.
6. For further information or assistance related to passports, individuals may contact the Consulate General through Facebook Messenger, WhatsApp, phone (during office hours), or email. The Consulate General endeavors to respond in a timely manner to all queries and requests received through any of these channels.

Consulate General of Nepal in Dubai,
United Arab Emirates,
24 October 2025

CONSULATE GENERAL OF NEPAL
Dubai

# समयमा राहदानी नविकरण गर्नुपर्ने सम्बन्धी जरूरी सूचना

१. राहदानीको म्याद सकिएको वा सकिन लागेको कारण भिसा नविकरण नहुँदा भिसा सम्बन्धी जरिवाना (फाइन) तिर्नु परेको बारे चिन्ता व्यक्त गर्दै नविकरणका लागि आवेदन दिइएको आफ्नो राहदानी शिघ्र उपलब्ध गराइदिन संयुक्त अरब इमिरेट्सको दुबई र अन्य उत्तरी इमिरेट्समा रहनु भएका कैयौं नेपाली नागरिकहरूबाट अनुरोध प्राप्त हुने गरेको छ। काठमाडौंस्थित राहदानी विभागमा हाल राहदानी छपाईको अत्याधिक चापका कारण सेप्टेम्बर महिनामा यस महावाणिज्यदूतावासमा प्राप्त आवेदनमध्ये सेप्टेम्बर ९ सम्मको राहदानीमात्र छपाई भएर यो हप्ता आएको र वितरण भइरहेको छ। अर्थात, हालको बिशेष परिस्थितिमा पनि प्रावधिक त्रुटी भएर सच्याउनु पर्ने सानो संख्याका आवेदन वाहेक सबै आवेदकहरूको राहदानी वितरण आवेदन दिएको मितिले दुई महिना भित्रै भएको छ। भिसा नविकरण गर्न, जरूरी यात्रा गर्न र अन्य जरूरी कामका लागि राहदानी अत्यावश्यक हुने आवेदक एवं नवजात शिशु, राहदानी हराएका, ड्यामेज भएका आवेदकहरूको जरूरी अवस्थालाई ध्यानमा राखी राहदानीको आगामी लट सम्भव भएसम्म चाँडो प्राप्त गर्नका लागि महावाणिज्यदूतावास प्रयासरत रहेको छ।

२. भिसा प्रकृयाका लागि राहदानीको म्याद ६ महिना भन्दा बढी हुनुपर्ने नियम सामान्यतया सबै मुलुकहरुमा रहेको छ। त्यसकारण, संयुक्त अरब इमिरेट्सको दुबई र अन्य उत्तरी इमिरेट्समा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनीहरूलाई आफ्नो राहदानीको म्याद चेक गर्नुहुन र राहदानी बहाल रहने अवधि ६ महिना भन्दा कम छ भने समयमा नै राहदानी नविकरणका लागि आवेदन दिनुहुन सूचित गरिएको छ। समयमा नै राहदानीका लागि आवेदन दिइएमा कहिलेकाही प्राविधिक एवं परिस्थितिजन्य कारणले राहदानी छपाई भएर आउन समय लागे पनि भिसा सम्बन्धी जरिवाना (फाइन) र अन्य कठिनाई आइपर्ने सम्भावना कम रहन्छ।

३. समयमा नै आफ्नो राहदानी नविकरण गर्नुको महत्व बारे युएईमा ठुलो संख्यामा खासगरी रोजगारीका लागि रहनुभएका नेपाली दाजुभाई, दिदीबहिनीहरूमाझ संदेश संचार गर्ने कार्यमा सहयोग र योगदान गरिदिनुहुन युएईस्थित नेपाली संघसंस्था एवं संचारकर्मी मित्रहरुलाई महावाणिज्यदूतावास हार्दिक अनुरोध गर्दछ। राहदानी समयमा नविकरण नभएर कोही पनि नेपालीले दुःख नपाउन भन्ने यहाँहरूको र हाम्रो साझा चाहना हो। यस महावाणिज्यदूतावासमा राहदानी आवेदनको लागि समय अनलाइन बुक गर्न सहज रहेकोबारे यहाँहरु जानकार नै हुनुहुन्छ।

४. राहदानीको लागि pre-enrollment फाराम भरिदिन अनुरोध गर्न आउने सेवाग्राहीको राहदानी म्याद सकिन लागेको अवस्थामा पनि केही टाइपिङ सेन्टरहरूले कैयौं दिन राहदानी होल्डमा राखिदिने गरेकोबारे पनि यस महावाणिज्यदूतावासमा गुनासोहरू प्राप्त भएको छ। यस किसिमले सेवाग्राहीको राहदानी होल्डमा राख्नु अनुचित र गैह्र कानूनी हो र सो कार्य नगरिदिनुहुन सम्बन्धित सबैमा सुचित गरिएको छ।

५. केही रोजगारदाताहरू (Sponsor/Employer) ले आँफूले रोजगारी दिएका कामदारहरुको राहदानी आँफूसंग राखे र राहदानी नविकरणमा वेवास्ता गरिदिने वा नविकरणका लागि समयमा राहदानी उपलब्ध नगराउने गरेकोबारे समेत गुनासोहरू प्राप्त हुने गरेको छ। आँफूले रोजगारी दिएका कामदारहरुको राहदानी समयमा नै नविकरण गर्न सहयोग एवं सहजिकरण गरिदिनु सम्बन्धित रोजगारदाता (Sponsor/Employer) को कर्तव्य भएको व्यहोरा स्मरण गराइएको छ।

६. राहदानी सम्बन्धी थप जानकारी वा सहयोगका लागि महावाणिज्यदूतावासको फेसबुक म्यासेन्जर, व्हाट्सएप, फोन (कार्यालय समयमा) वा इमेल मार्फत सम्पर्क गर्नसक्नु हुनेछ। कुनैपनि माध्यमबाट प्राप्त यहाँहरुका प्रश्न एवं अनुरोधको जवाफ महावाणिज्यदूतावासले समयमा नै दिन प्रयास गरिरहेको छ।

नेपाली महावाणिज्यदूतावास, दुबई
संयुक्त अरब ईमिरेट्स
०७ कार्तिक २०८२